# नेपाल गजेट

## भाग ४

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं मार्ग ४ गते २०१३ साल

### पब्लिक सर्भिसकमिशनको विज्ञापन नं. १४

शिक्षामन्त्रालयअन्तर्गत त्रि-चन्द्र कलेज, कमर्स डिपार्टमेण्टलाई तीन जना लेक्चररहरू चाहिएका छन् । योग्य उमेदवारहरूले प. स. क. फाराम नं. १ (२०१०) मा भरी २०१३ साल माघ ४ गते रोज ५ सम्ममा तलको ठेगानामा पुग्ने गरी फी. दस्तुर मो. रु. ३। नगद वा त्यतिको नेपाली टिकट-सहित दरखास्त गर्नु होला । फी. दस्तुर नभएका दरखास्तउपर विचार हुनेछैन । दरखास्त फारामको नमूना प्रत्येक नेपाली हुलाक, गढी, गौंडा, गोस्वारामा पनि पाइनेछ ।

पदको विवरण यस प्रकार छन्:-

१. पदः-[क] जोग्राफीको लेक्चरर, [ख] गणितको लेक्चरर, [ग] एडभान्स एकाउन्टान्सीको लेक्चरर सबै पद गजेटेड, स्थायी तथा पेन्सन पाइने ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२. आवश्यक न्यूनतम योग्यताः- [क] र [ख] लाई तत्त विषयमा एम्. ए. र [ग] लाई बी. ए. पास अथवा एडभान्स एकाउन्टान्सी लिई एम्. कम्. पास ।

३. वाञ्छनीय योग्यताः- तीनै पदका निमित्त प्रथम वा दोस्रा श्रेणीमा पास भएका उमेदवारलाई ग्राह्यता दिइनेछ ।
[क] पदको लागि बी. ए. सम्म अर्थशास्त्र लिएकालाई पनि विशेष ग्राहयता दिइनेछ ।

४. कामः- [क] ले कमर्सियल जोग्राफी र इकनमिक डेभलपमेण्ट विषयहरू पढाउनुपर्नें । [ख] ले कमर्सियल अर्थमेटिक र म्याथिमेटिक्स पढाउनुपर्नें । [ग] ले एकाउन्टेन्सी इन्कम् ट्याक्स इत्यादि पढाउनुपर्नें ।

५. मासिक तलबको स्केल र भत्ताः- तलब मो. रु. १८०। ३००। महँगी भत्ता २०। ।

आज्ञाले —
खड्गमान मल्ल,
सेक्रेटरी- पब्लिक सर्भिस कमिशन
सिंहदरबार, काठमाडौं, नेपाल.

गोरखापत्र छापाखानामा मुद्रित, मेनेजर प्रेमराज शर्मा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

३०४